स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कलाकारद्वय सीताराम कट्टेल "धुर्मुस" र कुञ्जना घिमिरे "सुन्तली"ले अमेरिकाबाटै हास्य टेलिश्रृंखला "म त मर्छु कि क्या हो" निर्माण तथा प्रशारण सुरु गरेका छन्। अमेरिकाको नर्थ क्यारोलाइना राज्यको राले क्षेत्रबाट धुर्मुस सुन्तलीले "म त मर्छु कि क्या हो" निर्माण सुरु गरेका हुन्। यो सिरियल अब हरेक शुक्रबार राति ८ बजे प्रसारण हुने निर्देशक सीताराम कट्टेल "धुर्मुस"ले जानकारी दिएका छन्।

**आजको विचार...**



अभिव्यक्ति... *(दुई पेजमा)*

डा. गणेशप्रसाद घिमिरे



वरिष्ठ कलाकार हरिवंश आचार्यले विगत ५० वर्षदेखि बिग्रँदै गएको काठमाडौं पछिल्लो समय सफा, सुन्दर र व्यवस्थित बन्ने दिशामा अघि बढेको बताएका छन्। काठमाडौं महानगर नगर प्रहरी बलको ३४औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ कलाकार आचार्यले यस्तो बताएका हुन्। पछिल्ला दिनहरुमा गरेका सुधारका कामहरु प्रशंसनीय रहेको उनको भनाइ छ। उनले महानगरलाई व्यवस्थित बनाउन सुरु भएका प्रयासहरुले आशा जगाएको धारणा राखे।

❒ वर्ष ३२ ❒ अंक ६० ❒ २०८३ भदौ ३० गते मंगलबार 15 September 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### गोलीकाण्डमा ३ जनाको मृत्यु

रासस

**मनिला,** भदौं २९/फिलिपिन्सको दक्षिणी क्षेत्रमा रहेको बाङ्सामोरो स्वायत्त क्षेत्रको संसदीय निर्वाचनअघि भएको गोलीकाण्डमा तीन जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन् । स्थानीय प्रहरीका अनुसार आइतबार मध्यरातअघि कोटाबाटो सहरस्थित एक मतदान केन्द्रमा घटना भएको हो । मतदानका लागि लाइनमा बस्ने विषयमा प्रतिद्वन्द्वी राजनीतिक समूहबीच विवाद भएपछि धकेलाधकेल र हात हालाहाल भएको थियो। विवाद बढ्दै जाँदा गोली चलेको प्रहरीले जनाएको छ । यो घटना बाङ्सामोरो स्वायत्त क्षेत्रको पहिलो निर्वाचित संसद् चयनका लागि सोमबार सुरु भएको निर्वाचनको पूर्वसन्ध्यामा भएको हो । स्थानीय सञ्चारमाध्यमका अनुसार यस निर्वाचनमा २० लाखभन्दा बढी मतदाता मतदानका लागि योग्य छन् । १३ राजनीतिक दलबाट ८० संसदीय सिटका लागि उम्मेदवारहरू प्रतिस्पर्धामा छन् । निर्वाचनलाई लक्षित गर्दै बाङ्सामोरो क्षेत्रमा पछिल्ला दिनमा सुरक्षा व्यवस्था कडा पारिएको छ । मतदान केन्द्रहरूको सुरक्षाका लागि २० हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ भने सम्भावित हिंसात्मक घटनाको तत्काल सामना गर्न द्रुत प्रतिक्रिया टोलीसमेत परिचालन गरिएको छ ।

# बदलिँदो तीज : हराउँदै पुराना भाका, बढ्दै भड्किलोपन

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ २९/ कुनै समय तिज आउनु भनेको माइतीघरको बाटो सम्झनु, चेलीबेटी लिन दाजुभाइ गाउँघरका उकाली-ओराली काट्नु र आँगनमा जम्मा भएर दु:ख-सुखका गीत गाउँदै रात बिताउनु थियो । भदौरे झरीमा खोला-खहरेको भेल छिचोल्दै माइती पुग्दा चेलीका लागि त्यो खुसीको क्षण हुन्थ्यो । तर समयसँगै तीज मनाउने शैली फेरिएको छ । गाउँ-गाउँमा यातायात र हातहातमा मोबाइल पुगेपछि चेलीबेटी लिन माइती नै पुग्नुपर्ने परम्परा घटेको छ । त्यति मात्र होइन तीजमा चेलीले गीतमार्फत आृनो बेदनाहरु पोख्थे र व्रतको अघिल्लो दिन पेट अडिलो बनाउन पौष्टि तत्व भएका खानेकुराहरु दरको रुपमा खाने गर्थे । तर यी सबै कुरा अहिले फेरिएका छन् । आँगन, चौतारा र गुन्द्रीमा मादलको तालमा गाइने पुराना तिज गीतको ठाउँ होटल,



*तानसेनको कैलाशनगरमा तीजका मौलिक भाका गाएर नाँच्दै महिलाहरु । तस्वीर : एनजेडी*

पार्टी प्यालेस र रेकर्ड गरिएका गीतले लिन थालेका छन् । माथागढी झडेवाकी ७४ वर्षीया शिव थापा अहिले पनि पुरानो तीज सम्झन्छिन् । "त्यतिबेला गाउँमा मोटर चल्ने सडक थिएन ।

चेलीबेटी लिन माइती नै पैदल आउनुपर्थ्यो," उनी भन्छिन् । उनका लागि तीजका गीत केवल मनोरञ्जन थिएनन्, वर्षभरि कर्मघरमा भोगेका पीडा, माइतीको सम्झना र मनका कुरा पोख्ने माध्यम थिए । त्यो समयका गीतमा सासू-बुहारीको सम्बन्ध, माइतीको सम्झना, दिदीबहिनीका पीडा र महिलाका गुनासा समेटिन्थे । "वर्ष दिनको तीजमा दादा लिन आएका, पापिनी सासुले दिनन् बरिलै" जस्ता भाकाले महिलाका मनका कुरा बोल्थे । गाउँका आँगन, चौतारा र दियालोको उज्यालोमा मादलको तालसँगै सामूहिक रूपमा गाइने ती भाका अहिले विरलै सुनिन्छन् । रैनादेवी छहराकी ५८ वर्षीया सुन्तली नेपालीलाई पुराना तीज गीत सम्झँदा अझै रमाइलो लाग्छ । तर अहिलेका कतिपय गीतप्रति उनको गुनासो छ । "अहिलेको तीज त तीजजस्तो लाग्दैन, उच्छृङ्खलता र देखासिकी बढेको छ," उनी भन्छिन् ।

बगनासकालीकी ७५ वर्षीया कमला बस्याल तीजको मौलिकता हराउँदै गएकोमा चिन्ता व्यक्त गर्छिन् । उनी भन्छिन्, "बर्खा (असार-साउन)मा कामले लखतरान बनाउँथ्यो । भदौमा भने अलिक फुर्सद मिल्थ्यो । मनमा एक खालको उमङ्ग छाउँथ्यो । धानका गाभा हरियो बन्दै जान्थे । खोलानाला उर्लिरहेकै हुन्थे । त्यो बेला बहिनीलाई दर खुवाउने निम्तो लिएर माइतबाट दाइ टुप्लुक्क आइपुग्थे । तब कोसेलीपात बोकेर माइत गइन्थ्यो तर आजभोलि भने त्यस्तो छैन ।" उहिलेको तीज र अहिलेको तीजमा धेरै नै फरक आएको बस्यालको बुझाई छ । उनी भन्छिन् "उहिले उहिले त हुने खानेले मिठो मसिनो र नहुनेले आफुसँग जे छ त्यही मिठो बनाएर खाने गरिन्थ्यो, अहिले जस्तो महिनादिन अघिदेखि नै दर खाने चलन थिएन ।"

पहिले घिउमा पकाएको खाजा, खीर, दूध, दही, चाम्रे, तामा-टुसाको तरकारी र अचारजस्ता परिकार माइतीको आँगनमै बसेर खाने चलन थियो । अहिले होटल तथा पार्टी प्यालेसमा ठूलो खर्च गरेर दर खाने र महँगा गहना तथा पहिरन प्रदर्शन गर्ने क्रम बढेको छ । तीज आउनुअघि नै महिनौंसम्म दर खाने कार्यक्रम चल्न थालेका छन् । 'हुनेले मिठो मसिनो, नहुनेले पिठो मसिनो' खाने पर्व थियो तीज ।-बाँकी अन्तिम पेजमा...

## खोलाले बगाउँदा बेपत्ता भएकी महिला मृत फेला



गुल्मी, भदौ २९/ गुल्मीमा निस्ती खोलाले बगाएर बेपत्ता भएकी मुसिकोट नगरपालिका-स्थित इन्द्रेगौंडाकी २९ वर्षीय कल्पना पुनको शव फेला परेको छ । आइतबार साँझ करिब ५ बजेतिर मुसिकोट नगरपालिका र इस्मा गाउँपालिकाको सीमानामा पर्ने निस्ती खोलाले बगाएपछि पुन बेपत्ता भएकी थिइन् ।

उनी मुसिकोट नगरपालिका-स्थित घरबाट इस्मा गाउँपालिका-४ हुलमा रहेको माइतीघर जाँदै थिइन् । खोलाले बगाएपछि स्थानीय र प्रहरीले उनको खोजी सुरु गरेका थिए । खोजीका क्रममा सोमबार दिउँसो करिब १२ बजेतिर अमराईको ठूला पहरास्थित निस्ती खोलामा उनको शव फेला परेको हो जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख एसपी भीम किरण बोगटीले जानकारी दिए । खोजी कार्यमा इस्मा प्रहरी चौकी र पौंदीअमराईबाट प्रहरी टोली खटिएको थियो । खोला तर्ने क्रममा खोलाले बगाएको खबरपछि प्रहरी खटिएको थियो । शव पोस्टमार्टमका लागि गुल्मी अस्पताल पठाइएको छ ।

## बाँकेमा दुई हजार आठ सयभन्दा बढी नयाँ रोजगारी सिर्जना

**बाँके,** भदौं २९/ बाँकेमा गत आर्थिक वर्षमा दर्ता भएका नयाँ घरेलु उद्योग तथा वाणिज्य फर्महरूबाट दुई हजार ८०० बढी नयाँ रोजगारी सिर्जना भएका छन् ।




जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमा आर्थिक वर्ष २०८२/८३ मा उद्योग तथा वाणिज्य प्रशासनअन्तर्गत दर्ता भएका ६२७ उद्योग र ६२६ वाणिज्य फर्मबाट दुई हजार ८६१ जनाले नयाँ रोजगारी पाएका घरेलु तथा साना उद्योग कार्यालय बाँकेका निमित्त प्रमुख उद्योग अधिकृत मोहन घर्तिमगरले जानकारी दिए । उनका अनुसार एक हजार ६८८ पुरुष र एक हजार १७३ महिलाका लागि रोजगारी सिर्जना भएको हो । यो अवधिमा ४३६ पुरुष र २३७ महिला गरी ६७३ जना नयाँ उद्यमी उत्पादन भएका छन् । गत आवमा ६२७ नयाँ उद्योग दर्ता भएसँगै बाँकेमा कुल उद्योग संख्या १५ हजार ८०७ पुगेको छ । यस अवधिमा एक हजार १०१ उद्योग नवीकरण भएका छन् भने २६५ उद्योग खारेजीमा परेका अधिकृत घर्तिमगरले जानकारी दिए । आव २०८१/८२ मा ६५७ दर्ता, एक हजार ४२ नवीकरण र ३०९ खारेजी भएका थिए । वाणिज्यतर्फ ६२६ नयाँ फर्म दर्ता भई कुल दर्ता संख्या २१ हजार ९८० पुगेको छ । एक हजार ६८८ फर्म नवीकरण र ३५६ फर्म खारेज भएका निमित्त प्रमुख उद्योग अधिकृत घर्तिमगरले बताए । आव २०८१/८२ मा ७१२ दर्ता, एक हजार ६६१ नवीकरण र ५२७ खारेजी भएका थिए । कार्यालयले व्यावसायिक नियमन तथा गुणस्तर कायम राख्न वर्षभरिमा सात पटक बजार अनुगमन र ११ पटक उद्योग निरीक्षण गरेको उनले जानकारी दिए । मगरका अनुसार आव २०८२/८३ मा कार्यालयका लागि विनियोजित कुल बजेट रु तीन करोड तीन लाख ९२ हजार रहेकामा कुल खर्च रु दुई करोड २५ लाख १२ हजार ९५० भएको छ । समग्र रूपमा यस कार्यालयको कुल वित्तीय प्रगति ७४ दशमलव शून्य आठ प्रतिशत हासिल भएको छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अर्को विपत्ति आउन नदेऊ

**भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले ठूलो मानवीय र भौतिक क्षति पुऱ्यायो । घर, पुल, सडक, जलविद्युत् आयोजना र स्वास्थ्य संस्थासमेत तहसनहस भएको यो विपत्ति आफैँमा अकल्पनीय त्रासदी हो । तर विपत्तिको घाउमा अर्को स्वास्थ्य संकट थपिन सक्ने चिन्ता छ । प्राकृतिक विपत्तिले निम्त्याउने क्षति केवल बाढीको पानीसँगै समाप्त हुँदैन । अहिले बाढी तथा पहिरोबाट प्रभावित क्षेत्रमा दूषित पानी, फोहोरको थुप्रो, बिग्रिएका खानेकुरा, क्षतिग्रस्त शौचालय र अस्वस्थ वातावरणका कारण विभिन्न संक्रामक रोग फैलिन सक्ने सम्भावना बढेको छ । यस्तो अवस्थामा समयमै सावधानी नअपनाउने हो भने बाढीको पीडामाथि महामारीको अर्को विपत्ति थपिन सक्छ ।**

**बाढीपछि पानीका स्रोतहरू दूषित हुनु सामान्य हो । ढल, फोहोर तथा मृत पशुपक्षी पानीमा मिसिँदा झाडापखाला, हैजा, टाइफाइड, हेपाटाइटिसलगायतका पानीजन्य रोगको जोखिम बढ्छ । लामखुट्टेको प्रजननस्थल बढ्दा डेंगु, मलेरियालगायतका रोगको जोखिम पनि बढ्न सक्छ । त्यस्तै, चिसो, ओसिलो र भीडभाडयुक्त अस्थायी आश्रयस्थलमा बस्न बाध्य नागरिकमा श्वासप्रश्वासजन्य तथा छालासम्बन्धी समस्या पनि देखिन सक्छ । त्यसैले अहिलेको प्राथमिकता राहत वितरणसँगै स्वास्थ्य सुरक्षालाई पनि बनाउन आवश्यक छ । प्रभावित बस्तीमा स्वच्छ खानेपानीको व्यवस्था, पानी शुद्धीकरणका उपाय, अस्थायी शौचालय, फोहोर व्यवस्थापन तथा नियमित सरसफाइ तत्काल गर्नुपर्छ । स्वास्थ्यकर्मीको टोली परिचालन गरी प्रभावित क्षेत्रमा स्वास्थ्य परीक्षण र औषधि वितरणलाई प्रभावकारी बनाउनुपर्छ । कुनै क्षेत्रमा असामान्य रूपमा बिरामीको संख्या बढेको देखिए तत्काल पहिचान गरी रोग फैलिन नदिन निगरानी र नियन्त्रणका उपाय अघि बढाउनुपर्छ । यसमा सरकारको मात्र जिम्मेवारी छैन । स्थानीय तह, स्वास्थ्य संस्था, सुरक्षा निकाय, गैरसरकारी संस्था, सामाजिक संघसंस्था र समुदाय सबैको सहकार्य आवश्यक छ । राहतका नाममा खानेपानी, खाद्यान्न वा औषधि वितरण गर्दा गुणस्तर र सुरक्षित प्रयोगमा विशेष ध्यान दिनुपर्छ । प्रभावित नागरिकले पनि उमालेर वा शुद्धीकरण गरेर मात्र पानी पिउने, बासी तथा शंकास्पद खाना नखाने, व्यक्तिगत तथा वरपरको सरसफाइमा ध्यान दिने र बिरामी परे तत्काल स्वास्थ्य संस्थामा पुग्ने गर्नुपर्छ । तसर्थ बाढीग्रस्त क्षेत्रमा तत्काल स्वास्थ्य जोखिमको मूल्याङ्कन गरी सम्भावित महामारी रोकथामका लागि पूर्वतयारी र निगरानीलाई तीव्र बनाउन जरुरी छ ।**

## Opinion @ Social Network

मानिसको असली पहिचान उसको बोलीले होइन,
कठिन परिस्थितिमा उसले देखाउने व्यवहारले बताउँछ।
*(आश्मा बुढाको फेसबुक स्टाटसबाट www.facebook.com/Ashma.Budha)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अभिव्यक्ति स्वतन्त्रता पनि कमजोरी हुनसक्छ



डा. गणेशप्रसाद घिमिरे

*स्वतन्त्रताको सदुपयोग अरूको अधिकार र स्वतन्त्रतामा खलल पुऱ्याउने खालको हुनु हुँदैन । मानिसका अधिकार र उसले पाउने स्वतन्त्रताले जहिले पनि अरूको सम्मान गरेको हुनुपर्दछ । अरूलाई सम्मान गर्ने अभिव्यक्ति नै मानिसको पहिचान पनि हो । नेपाल गणतान्त्रिक मुलुक हो । हरेक क्षेत्रमा आज हामी स्वतन्त्र छौं । स्वतन्त्र अभिव्यक्ति हाम्रो आफ्नो पहिचान बनेको छ । नेपालीको बलिदानबाट प्राप्त स्वतन्त्रताको सदुपयोग आजको नेपालले भोगेको चिन्तन पनि हो । यही चिन्तनमा रमेका छौं हामी । यो स्वतन्त्रता कहिलेकाँही मानिसका लागि कमजोरी बनेर पनि आउने गरेको देखिन्छ । सामाजिक सद्भाव र राजनीतिक उत्तरदायित्व निर्वाह गर्न राजनीतिक नेता र ती नेताले प्रयोग गरेका पार्टीको जिम्मेवारी हुने गरेको पाइन्छ ।*

मानिस स्वतन्त्र प्राणी हो । उसका आफ्नै किसिमका स्वतन्त्रता हुने गरेका हुन्छन् । उक्त स्वतन्त्रताको पूर्णप्रयोग मानव जीवनको आदर्श पनि हो । यही आदर्शमा बाँचेको हुन्छ मानिस । त्यसैले स्वतन्त्रता जहिले पनि प्रजातान्त्रिक मुलुकमा रहेको हुन्छ । मानिसलाई लेख्न, बोल्न र आफ् ना भावनाहरू पूर्णरूपमा राख्ने अधिकार मुलुकका हरेक क्षेत्रमा हुन्छ भन्ने होइन । कतिपय विषय संवेदनशील हुन्छन् ती संवेदनशील विषयमा मानिसले आफूलाई स्वतन्त्ररूपमा उभ्याउन नसक्ने पनि हुन्छ । स्वतन्त्रताको सदुपयोग अरूको अधिकार र स्वतन्त्रतामा खलल पुऱ्याउने खालको हुनु हुँदैन । मानिसका अधिकार र उसले पाउने स्वतन्त्रताले जहिले पनि अरूको सम्मान गरेको हुनुपर्दछ । अरूलाई सम्मान गर्ने अभिव्यक्ति नै मानिसको पहिचान पनि हो । नेपाल गणतान्त्रिक मुलुक हो । हरेक क्षेत्रमा आज हामी स्वतन्त्र छौं । स्वतन्त्र अभिव्यक्ति हाम्रो आफ्नो पहिचान बनेको छ । नेपालीको बलिदानबाट प्राप्त स्वतन्त्रताको सदुपयोग आजको नेपालले भोगेको चिन्तन पनि हो । यही चिन्तनमा रमेका छौं हामी । यो स्वतन्त्रता कहिलेकाँही मानिसका लागि कमजोरी बनेर पनि आउने गरेको देखिन्छ । सामाजिक सद्भाव र राजनीतिक उत्तरदायित्व निर्वाह गर्न राजनीतिक नेता र ती नेताले प्रयोग गरेका पार्टीको जिम्मेवारी हुने गरेको पाइन्छ । मानिस कहाँ के बोल्ने भन्ने हेक्का भएन भने स्वतन्त्रताका नाममा हुने अभिव्यक्तिले आफैंलाई कमजोर बनाउने अस्त्रका रूपमा स्थापित भएका मानिन्छन् । त्यसैले अभिव्यक्तिमा लगाम आवश्यक छ ।

**मन्त्रीका अभिव्यक्ति नै विवादस्पद**

देशलाई सञ्चालन गर्ने, कानुनका मातहतमा आफूलाई उभ्याउने व्यक्ति मन्त्री हो । उसले आफ्नो राजनीतिमात्र होइन समग्र देशको प्रतिनिधित्व गरेको हुन्छ । उसका अभिव्यक्ति देशको हित र जनताको हितका लागि हुनु अनिवार्य मानिन्छ । त्यसो हुनसकेन भने मन्त्री नै विवादको कठघरामा उभिन सक्छन् । काठमाडौं प्रवेश गर्ने एउटामात्र मार्ग कृष्णभीरमा आएको पहिरोका कारण बन्द छ । राजधानीमा अहिले खाना पकाउने ग्यासको चरम अभाव देखिएको छ । सोही अभावलाई पूर्ति गर्न सरकार लागेको पनि छ । सरकारका अघि त्यो अभावलाई पूर्ति गर्नु मुख्य विषय थियो तर त्यसो हुनसकेन । मन्त्रीले ग्यास अभाव सहज बनाउन आफ्नो मातहतका निकायलाई सक्रिय बनाएका समाचार पनि बाहिर आए तर पनि सरकारले ग्यास अभावलाई पूर्ति गर्न सकेन । अन्ततः मन्त्री नै विवादित अभिव्यक्तिमा देखापरिन् । व्यापारीलाई पाता फर्काउने र कर्मचारीले सहयोग नगरेको धारणा अघि सारिन् । अभिव्यक्ति मन्त्रीका व्यक्तिगत थिएनन् । एउटा मन्त्रीले बोल्ने बोलीमा संयमता अनिवार्य थियो तर मन्त्रीको अभिव्यक्तिमा आवेग थियो । त्यस आवेगका कारण मन्त्री पदबाट राजीनामा दिएर उनी आफैं बाहिरिइन् । किन त्यसरी व्यक्तिइन् मन्त्री । संयमता किन देखिएन उनको अभिव्यक्तिमा । आवेगमा बोल्ने अधिकार मन्त्रीलाई हुँदैन । यस्तै अभिव्यक्ति कानुनमन्त्रीले पनि दिइन् । राष्ट्रिय सभाले काम गर्न दिएन वा कानुन ल्याउन दिएन भन्दै आफ्ना अभिव्यक्तिलाई बाहिर ल्याइन् । उनी पनि विवादमा तानिइन् । कानुन बनाउने अधिकार प्रतिनिधि सभालाई छ । कुनै पनि कानुन निर्माण नेपालको संवैधानिक व्यवस्था अनुसार दुबै सदनबाट पारित हुनुपर्दछ । कानुन मन्त्रीले प्रतिनिधिसभा कानुन निर्माणमा बाधक नभएको तर्क राखिन् । राष्ट्रिय सभामा हाम्रो पार्टीको प्रतिनिधित्व नभएका कारण असहज भएको तर्क प्रस्तुत गरिन् । उनको अभिव्यक्तिमा विवाद सिर्जना भयो । देशको हितका लागि गरिने कुनै पनि कानुनलाई राष्ट्रय सभाले रोकेको तथ्य बाहिर आएको देखिँदैन तर मन्त्री अरूलाई दोष थोपर्दै आफू उम्किने काम गर्न खोज्नुलाई अपरिपक्वता नै मान्नुपर्ने हुन्छ । यस्ता अपरिपक्व अभिव्यक्ति प्रवाह गर्ने मन्त्रीका माध्यमबाट चलेको सरकारले जनहितका लागि के काम गर्न सक्ला भन्ने प्रश्न जन्मनुलाई अस्वाभाविक मान्न सकिँदैन । राजनीतिमा परिपक्वता हुनु अनिवार्य मानिन्छ । अपरिपक्व अभिव्यक्ति र निर्णयले जहिले पनि देशको हितलाई सर्वोपरि मान्दैन । मन्त्रीका अभिव्यक्तिमा देखिने यी बचकाना हरकत किन आए । यसको जवाफ प्रधानमन्त्रीले दिनुपर्ने हुन्छ । मन्त्रिपरिषद्को प्रमुख भएका कारण प्रधानमन्त्री मन्त्रिपरिषद् र संसद्प्रति जिम्मेवार हुनुपर्दछ । यदि त्यसो हुनसकेन भने राजनीतिको मूल सिद्धान्त जनअपेक्षा कमजोर हुने गर्दछ । मन्त्री संयममा रहनुपर्दछ । जे पायो त्यही अभिव्यक्ति दिन मन्त्रीलाई सुहाउँदैन । विवादमा तानिने गरी दिइने अभिव्यक्तिले कहिले पनि राजनीतिमा सफलता प्राप्त गर्न सकिँदैन । हामी आफैं सबल देशका बासिन्दा होइनौं । प्राकृतिक सम्पदामा सबल भए पनि कहिलेकाहिँ प्रकृतिमा आएको विपत्तिले हामीलाई कमजोर बनाएको हुन्छ । यही कमजोरी हाम्रो लागि सहज नहुन पनि सक्छ । संयम, व्यवस्थित, परिपक्व अभिव्यक्तिको जिम्मेवार लिएर आफूलाई राजनीतिका क्षेत्रमा उतार्नु नै मन्त्रीको दायित्व हुनुपर्दछ ।

**प्राकृतिक विपत्तिमा एकजुट हौं**

प्रकृतिले जहिले पनि मानिसको कल्याण चाहन्छ । प्रकृतिबाट प्राप्त गरेका सबै वस्तु वा पदार्थले मानिसको जीवनलाई गतिशील तुल्याएको हुन्छ । यही गतिशीलता नै जीवन निर्वाहको आधार बनेको पाइन्छ । त्यसैले मानिस कहिले पनि प्रकृतिसित खेलवाड् गर्न मिल्दैन । भदौ १० गते नेपालले नसोचेको प्राकृतिक विपत्ति भोग्न बाध्य भयो । यो बाध्यता हाम्रो थियो । प्रकृतिमाथि विजय पाउन खोज्ने मानिसलाई कहिलेकाहिँ प्रकृतिले नराम्रोसित झापड हान्ने गर्दछ । यही भयो नेपालको सन्दर्भमा पनि । कति जना बेपत्ता भए । कति मरे भन्ने पूर्णजानकारी नेपाल सरकारसित पनि छैन । यो विपत्तिमा के कति मानिस तीर्थ जान हिँडेका थिए । के कति आन्तरिक पर्यटनका लागि गएका थिए । के कति विदेशी थिए र के कति मानिस विद्युत् निर्माणास्थलमा थिए । यथार्थ जानकारी पनि देखिँदैन । विपत्तिमा एकजुट भएर देश लागेको छ । सबैको सहयोग सरकारलाई छ । सरकार पनि लागिपरेको छ । छिट्टै नै यो प्रकृतिको आपत्तिबाट हामी बाहिर आउनेछौं । यो सत्य हो । प्रकृतिसित जुध्नु र प्रकृतिमा रमाउनु मानवीय प्रवृत्ति हो । यो प्रवृत्ति हाम्रा लागि कुनै नौलो कुरा पनि होइन तर प्रकृतिमा आएको यो असाधारण परिवर्तनले हामीलाई मात्र होइन विश्वलाई नै चकित पारिदिएको छ । उद्दारमा खटिएका कतिपय व्यक्ति विवादमा तानिए । विवादमा तानिएका व्यक्ति आफैं कमजोर बने । सामाजिक सञ्जालमा असंयमित बनेर कतिपय व्यक्ति देखिए । सरकारका पक्षमा लेख्दा स्यावसी पाउने प्रवृत्ति हावी भयो । सरकारका विरुद्ध बोल्न पनि नपाइने अवस्थाको सिर्जना कसले गरेको हो ? सामाजिक सञ्जालमा अभिव्यक्त हुने यस किसिमका अभिव्यक्तिले मानिसलाई जहिले पनि कमजोर बनाएको हुन्छ । यो कमजोरीमा सरकार सचेत हुनु अनिवार्य मानिन्छ । यदि सचेत भइएन भने अभिव्यक्तिमात्र विवादमा आउने होइन सरकार नै विवादमा पर्न सक्छ । यस विवादलाई हामीले मिलेर सम्बोधन गर्न सक्छौं । सरकार र सरकारका मन्त्री संयमित हुनुपर्दछ । सरकारले सबैसित सहयोग लिन सक्नुपर्दछ । सरकारले अरूलाई केही जान्दैनन् हामीमात्र जान्ने छौं भन्ने अभिव्यक्ति दिनुहुँदैन । सरकार पूर्णबहुमतमा छ । उसले देशको हितका लागि गर्ने निर्णयमा उसलाई सबैको सहयोग छ तर आफूमात्र जान्ने र अरू केही होइनन् भन्ने अभिव्यक्ति दिनुपर्ने आवश्यकता पनि छैन । प्रकृतिले दिएको चोटमा विश्वसमुदायबाट सहयोग प्राप्त भएको छ । त्यसको सही सदुपयोग आवश्यक छ । यदि सहयोगलाई सम्बन्धित निकायसम्म पुऱ्याउन सकियो भने यो घाउबाट देश केही समयमा नै बाहिर निस्कनसक्ने अवस्थामा रहेका छौं । राजनीतिनमा हिलो छ्याप्ने प्रवृत्ति गलत हो । हिलो नछ्यापीकन देश र जनताका लागि राजनीति गरियो भने हामीलाई उठ्न कसैले पनि रोक्न सक्दैन । हामी संयमित छौं । हाम्रा पुर्खाले हामीलाई संयमित हुन सिकाएका छन् । नेपालीको पहिचान पनि संयमित रहनु र आफ्नो देशका लागि समर्पित हुनु मानिएको छ । विकासका माध्यमबाट आफूलाई सहज रूपमा उतार्नु आजको आवश्यकता हो । यो आवश्यकता सरकारमा बसेकाले पूर्ण जिम्मेवारसाथ निर्वाह गर्नु आवश्यक मानिन्छ । विपक्ष वा प्रतिपक्षले देशको हितमा लिइने निर्णयलाई सहर्ष स्वीकार गरेको पनि छ । सबैलाई साथमा लिएर अघि बढ्नु सरकारको आफ्नो दायित्व र कर्तव्य पनि हो । यो कर्तव्यमा सरकार चुक्नुहुँदैन । सरकारका साथमा नेपाली जनता छन् । जनतालाई सर्वोपरी मान्ने क्षमताको विकास सरकारमा रहेर गर्नु आवश्यक मानिन्छ । नेपाल अब पुनर्निर्माणमा जुट्नु आवश्यक मानिन्छ । जुटेर एकतामा बाँधिएर आफूलाई जीवन्त बनाएर उभिनु सरकारको कर्तव्य हो । जनहितका लागि उठाइएका हरेक कदममा सहयोग गर्नु विपक्षको दायित्व हो । दायित्वबाट सरकार पन्छिन मिल्दैन । त्यसैले अभिव्यक्तिमा लगाम, काँधमा जिम्मेवारी, काममा इमानदारी आजको आवश्यकता हो । बोलीमा संयमता अपनाएर देशको हितमा उठ्न सबैमा आग्रह । ***-इहिमालय डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सन्तानको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। कार्यको उचित प्रतिफल मिल्नेछ। | **तुला**: अप्ठ्यारो काम सम्पादन हुनेछ। लगानी थप्नुपर्ने परिस्थिति आउनसक्छ। |
| **वृष** : कार्यक्षेत्रमा संघर्षपूर्ण समय बित्नेछ। प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। | **वृश्चिक** : कार्यक्षेत्रमा जिम्मेवारी बहन गर्नुपर्ला। पैसामा धोखा मिल्न सक्ला। |
| **मिथुन** : आत्मविश्वासमा वृद्धि हुनेछ। कार्यक्षेत्रमा मनग्य लाभ मिल्नेछ। | **धनु** : साहस र पराक्रममा वृद्धि हुनेछ। पारिवारिक मेलजोलमा समय बित्नेछ। |
| **कर्कट** : नयाँ अवसर हात लाग्ला। पशुधनमा हानि हुने सम्भावना रहेको छ। | **मकर** : व्यापारमा विशेष फाइदा हुनेछ। पुरुषार्थले कार्यमा सफलता दिलाउनेछ। |
| **सिंह** : धार्मिक सम्मेलनमा जाने अवसर मिल्नेछ। आर्थिक कारोबारमा लाभ रहनेछ। | **कुम्भ**: मेहनतको सानो फल देखिन सक्छ। अरुको भावनाको पनि कदर गर्नुहोला। |
| **कन्या** : नोकरी वा पेशामा नयाँ जिम्मेवारी पाइनेछ। कार्यक्षेत्रमा मान सम्मान बढ्नेछ। | **मीन** : नयाँ विचारले मन उत्साहित बनाउँछ। मानसिक शान्ति मिल्नेछ। |

## विज्ञान/सूचना प्रविधि

# खुम्चिँदैछ सौर्यमण्डलको सानो ग्रह



सूर्यको सबैभन्दा नजिकको ग्रह बुधमा देखिने चाउरी परेका डामहरूले यो कुनै समय ठुलो आकारको भएको र पछि खुम्चिएको सङ्केत गर्छन् साथै यो वैज्ञानिकहरूले सोचेभन्दा बढी खुम्चिरहेको हुन सक्छ । नासाका अनुसार हाम्रो सौर्यमण्डलको सबैभन्दा सानो यस ग्रह सूर्यबाट औसत ५ करोड ८० लाख किलोमिटर टाढा छ र यसले हरेक ८८ दिनमा हाम्रो तारा (सूर्य) को एक परिक्रमा पूरा गर्छ । चट्टानी सतह भएको यो ग्रह करिब ४ अर्ब ५० करोड वर्षअघि ग्यास र धुलोको घुमरीबाट बनेको हो । हाम्रो सौर्यमण्डलका सुरुवाती दिनहरू अस्तव्यस्त थिए, जतिबेला सूर्यको परिक्रमा गरिरहेका थुप्रै अन्तरिक्ष चट्टानहरू अन्य पिण्डहरूसँग ठोक्किएर भयानक उथलपुथल मच्चिएको थियो । भर्खरै बनेका ग्रहहरू ज्वालामुखीको लाभा जस्तै पहिले नै तातो हुन्छन्, तर यस्ता ठक्करहरूबाट उत्पन्न हुने ऊर्जाले अझ बढी ताप पैदा गर्छ । समय बित्दै जाँदा यी पिण्डहरूबाट ताप बाहिर निस्कने क्रममा बुध जस्ता ग्रहहरूको भित्री भाग खुम्चिन्छ । बुध ग्रहको धाँजा फाटेको सतहमा यस्तो खुम्चाइका डोबहरू देखिन्छन् । वैज्ञानिकहरू यी उठेका भाग र भिरहरूलाई 'सर्टनिङ स्ट्रक्चर्स' (खुम्चिएका संरचना) भन्छन् । तीमध्ये केही भिरहरू १.६ किलोमिटरसम्म अग्ला र सयौं माइल लामा हुन सक्छन् । तर क्षुद्रग्रह र पुच्छ्रेताराहरूले पनि बुधमा बमबारी गरेजस्तै निरन्तर प्रहार गरेका छन्, जसका कारण पृथ्वीको चन्द्रमाको खाल्डाखुल्डी परेको सतहजस्तै यसमा पनि अनगिन्ती क्रेटरहरू (खाल्डाहरू) बनेका छन् । बिहीबार 'जियोफिजिकल रिसर्च लेटर्स' जर्नलमा प्रकाशित नयाँ अध्ययनअनुसार ती प्रहारबाट निस्किएका भग्नावशेषले समयसँगै बुध ग्रह कति खुम्चियो भन्ने कुरा लुकाएको हुन सक्छ । बुध ग्रहको खुम्चिने दर बुझ्नाले यो ग्रह कसरी विकसित भयो भन्ने कुरामा प्रकाश पार्न र यसको रहस्यमय भित्री भागको बारेमा जानकारी उजागर गर्न सक्छ । यस अध्ययनमा संलग्न भएका डा. हानेस बर्नहार्टले एउटा इमेलमा लेखेका छन्, 'हाम्रो पृथ्वी जस्ता ठूला र चट्टानी पिण्डहरूको निर्माण र विकासका बारेमा हाम्रो सौर्यमण्डलका अन्य कुनै पनि ठाउँमा भन्दा बुध ग्रहबाट अझ राम्रोसँग सिक्न सकिने पाठहरू छन् ।' बर्नहार्ट युनिभर्सिटी अफ मेरिल्याण्ड, कलेज पार्कको भूगर्भीय, वातावरणीय र ग्रहविज्ञान विभागमा सहायक अनुसन्धान वैज्ञानिक हुन् ।

**खुम्चिँदै गरेको ग्रह**

बुध ग्रह खुम्चिँदै जाँदा यसको सतहभरि निरन्तर रूपमा धाँजाहरू फाटेको हुनुपर्छ । तर अर्बौं वर्षसम्मका प्रहारबाट बनेका खाल्डा र भग्नावशेषले यीमध्ये धेरै चिराहरू पुरिदिएको अध्ययनका प्रमुख लेखक तथा बर्लिनस्थित जर्मन एरोस्पेस सेन्टरको इन्स्टिच्युट अफ स्पेस रिसर्चका ग्रहविज्ञ गाकु निशियामाले बताए । सूर्यसँगको निकटताले गर्दा बुध ग्रहको अध्ययन र अन्वेषण निकै चुनौतीपूर्ण बनेको छ । पछिल्ला दशकहरूमा यस कठोर वातावरणमा केवल दुईवटा मिसनहरू मात्र पुगेका छन्: सन् १९७४ मा नासाको म्यारिनर १० र सन् २०११ मा सोही एजेन्सीको मेसेन्जर मिसन । बुध ग्रहको खुम्चाइको अध्ययन गरेका बर्नहार्टका अनुसार, म्यारिनर १० ले यस ग्रहको नजिकबाट उडान भर्दै यसका रोचक चाउरीहरू उजागर गरेको थियो भने मेसेन्जरले ग्रहका विशेषताहरूको थप विस्तृत तस्बिर प्रदान गरेको थियो । निशियामा र उनको टोलीले बुध ग्रहको सतहको खस्रोपनको विश्वव्यापी नक्सा बनाउन मेसेन्जरबाट प्राप्त तथ्याङ्क प्रयोग गरे । उनीहरूले बुधको सतहका चिल्ला क्षेत्रहरूको तुलनामा सबैभन्दा खस्रा भागहरूमा कम चाउरीहरू रहेको प्रवृत्ति देखे । निशियामा भन्छन्, 'यसले हामीलाई सतहमा खुम्चिएको सङ्केतलाई भग्नावशेषले ढाक्ने जस्ता खुम्चिएका संरचनाहरूलाई लुकाउने कुनै प्रक्रिया चलिरहेको छ भन्ने सोच्न बाध्य बनायो ।' यस टोलीले भग्नावशेषले नलुकाएको भए बुधको सतहभरि कतिवटा चाउरीहरू हुन सक्थे होला भनेर अनुमान लगाएको थियो । उक्त गणनाबाट यो ग्रह पहिले विश्वास गरिएभन्दा १० देखि ३० प्रतिशत बढी खुम्चिएको, अर्थात् यसको अर्धव्यासमा करिब ११.६ किलोमिटर परिवर्तन भएको हुन सक्ने निष्कर्ष निकालिएको छ । यसअघिका अध्ययनहरूले यसको अर्धव्यासमा १ देखि २ किलोमिटर र अधिकतम ७ किलोमिटरसम्मको परिवर्तन भएको सङ्केत गरेका थिए । सेन्ट लुइसस्थित वासिंटन युनिभर्सिटीका पृथ्वी, वातावरणीय र ग्रहविज्ञानका सह-प्राध्यापक डा. पल बर्नले आफ्नोसमेत गरेर बुधको खुम्चाइबारे गरिएका अघिल्ला अध्ययनहरूले यस ग्रहका भौगर्भिक धाँजाहरू छुटाएको हुन सक्ने सम्भावना रहेको बताए । ती धाँजाहरू खस्रा क्षेत्रमा देख्न गाह्रो भएको वा बुधको अति नै खस्रो बाहिरी तहका कारण ती धाँजाहरू बन्दै नबनेको हुनाले यस्तो भएको हुन सक्ने उनको भनाइ छ । बर्न यस नयाँ अध्ययनमा संलग्न थिएनन् । नासा प्लानेटरी डाटा सिस्टम जियोसाइन्सेस नोडका निर्देशकसमेत रहेका बर्नले इमेलमा लेखेका छन्, 'यद्यपि, हामीले बुध ग्रह कति खुम्चिएको छ भनेर सही रूपमा नाप्न सक्यौं भने, यसको भित्री तह, यसको कोर (केन्द्र) को आकार र बनावट, यसको टेक्टोनिक र ज्वालामुखी इतिहास, यसको चुम्बकीय क्षेत्र कसरी उत्पन्न हुन्छ र यस्तै धेरै कुराहरूको अझ राम्रो अनुमान लगाउन सक्छौं ।' मुख्यतया यसको ठुलो धातुयुक्त केन्द्रका कारण पृथ्वीपछि बुध हाम्रो सौर्यमण्डलको दोस्रो सबैभन्दा बढी घनत्व भएको ग्रह हो । यो ग्रह कति खुम्चिएको छ भनेर हिसाब गर्दा बुधको कोर र यो चिसो हुँदा ग्रहभित्र के-कस्ता परिवर्तनहरू भए भन्ने कुरा बुझ्न मद्दत पुग्न सक्छ । निशियामाले भने, 'बढी खुम्चिनुको अर्थ बुधमा धातुको ठुलो कोर हुन सक्छ, धातुको कोरमा मिसिएका सिलिकन जस्ता हल्का तत्त्वहरू कम हुन सक्छन्, वा सुरुवाती तापक्रम उच्च हुन सक्छ ।'

**बुध ग्रहको अभूतपूर्व दृश्य**

करिब आठ वर्षको यात्रापछि भर्खरै बुध ग्रहमा पुग्न सुरु गरेको बेपिकोलम्बो मिसनले यस वर्षको अन्त्यमा यस ग्रहको नजिक दुईवटा अर्बिटरहरू राख्नेछ । बेपिकोलम्बोको विज्ञान टोलीका सदस्य निशियामाका अनुसार यस मिसनले सङ्कलन गर्ने स्थलाकृति (टोपोग्राफी) तथ्याङ्कले वैज्ञानिकहरूलाई समयसँगै बुध ग्रह कति खुम्चिएको छ भनी अझ सटीक अनुमान लगाउन र ग्रहका भिर, खाल्डा र उठेका भागहरूलाई पहिले कहिल्यै नदेखेको रूपमा देखाउन सक्षम बनाउन सक्छ । बेपिकोलम्बोले बुधको स्थलाकृतिक विशेषताहरूको पहिलो व्यापक विश्वव्यापी मापन गर्नेछ, जुन मेसेन्जरले गर्न सकेको थिएन भनी बर्नले बताए । बर्नले भने, 'यस अध्ययन र विश्वव्यापी खुम्चाइ सम्बन्धी अन्य अनुसन्धान पत्रहरू सही छन् वा छैनन् भनेर परीक्षण गर्न ती नयाँ तथ्याङ्कहरू महत्त्वपूर्ण हुनेछन् । तर मलाई लाग्छ, हामीले ती सही भएको पाउनेछौं र यस सानो, सबैभन्दा भित्री ग्रहको बारेमा अझै धेरै कुरा जान्न बाँकी छ भनी थाहा पाउनेछौं ।' साउथ क्यारोलाइनाको चार्ल्सटनस्थित सेरेस इन्जिनियरिङ एन्ड सर्भिसेजकी भूगर्भविद् डा. केल्सी क्रेनका अनुसार, मेसेन्जरले बुधको उत्तरी गोलार्धका लागि उच्च रिजोल्युसन तथ्याङ्क सङ्कलन गरेको थियो भने बेपिकोलम्बोको मर्करी प्लानेटरी अर्बिटरले दक्षिणी गोलार्धभरिको स्थलाकृति र सतहको खस्रोपन पनि मापन गर्नेछ । क्रेन यस नयाँ अध्ययनमा संलग्न थिइनन्, तर उनले यसअघि मेसेन्जरको तथ्याङ्क प्रयोग गरेर बुधको सतहका विशेषताहरूको विश्लेषण गरेकी थिइन् । क्रेनले भनिन्, 'यसमा जडान गरिएका उपकरणहरूले गुरुत्वाकर्षण विसङ्गतिहरू पत्ता लगाउनेछन्, बाहिरी तहको मोटाइ र भित्री संरचनाको अनुमानमा सुधार ल्याउनेछन् र सतहको तत्त्व र खनिज संरचनाहरू पत्ता लगाउनेछन् ।' यसले वैज्ञानिकहरूलाई ग्रह विकासको अझ पूर्ण कथा बताउन मद्दत गर्छ र भविष्यका मिसनहरूले सम्बोधन गर्नुपर्ने नयाँ प्रश्नहरू उब्जाउँछ,' उनले थपिन् । हाम्रो सौर्यमण्डलका अन्य चट्टानी पिण्डहरूको तुलनामा बुधको आकारको अनुपातमा यसको कोर धेरै ठुलो भएकाले यो अन्य कुनै पनि ग्रहभन्दा बढी खुम्चिएको हुनुपर्ने बर्नहार्टले बताए । अनुसन्धान पत्रको कार्यविधि र नतिजाहरू प्रभावकारी र सही लागे पनि, बुधको आकारमा आउने यस्तो नाटकीय कमीले ग्रहको सतहभरि स्पष्ट रूपमा देखिने ठुला-ठूला चाउरीपना ल्याएको हुनुपर्ने बर्नहार्टको विश्वास छ । बर्नहार्ट र उनको टोली यो ग्रह कति खुम्चिएको छ भनी पत्ता लगाउन आफ्नै अनुसन्धानमा काम गरिरहेका छन्, तर अर्बिटल (कक्षीय) तथ्याङ्कले मात्र यस प्रश्नको जवाफ दिन नसक्ने उनीहरूले बताए ।

*-रातोपाटी डटकम*

# के एआईले मानवजातिलाई नै समाप्त पार्दैछ ?




एआईको क्षमता तीव्र गतिमा बढिरहेका बेला यसले भविष्यमा मानवजातिकै अस्तित्वलाई जोखिममा पार्न सक्ने बहस फेरि चर्किएको छ । एआई कम्पनी एन्थ्रोपिकका पूर्वशोधकर्ता ज्याकब कक्सनले 'एआईले भविष्यमा मानवजातिकै अस्तित्व समाप्त पार्ने' चेतावनी दिएका हुन् । एन्थ्रोपिकबाट भर्खरै अलग्गिएका कक्सनले सामाजिक सञ्जाल एक्समार्फत एआई विकासको वर्तमान दिशाप्रति आफू गम्भीर रूपमा चिन्तित रहेको बताएका छन् । उनले एआई कम्पनीहरू मानिसभन्दा अत्यधिक सक्षम हुने 'सुपरइन्टेलिजेन्स' निर्माणतर्फ तीव्र गतिमा अघि बढिरहेको दाबी गरेका छन् । कक्सनका अनुसार भविष्यमा एआई प्रणालीले आफ्नै क्षमता निरन्तर सुधार गर्न सक्ने अवस्था आयो भने मानिसले त्यसलाई नियन्त्रणमा राख्न सक्ने वा नसक्ने प्रश्न अत्यन्त महत्त्वपूर्ण हुनेछ । कक्सन २७ वर्षीय एआई शोधकर्ता हुन् । उनले पछिल्ला तीन वर्षमा ओपनएआई र एन्थ्रोपिक दुवै कम्पनीमा 'प्रि-ट्रेनिङ' अनुसन्धानमा काम गरेका थिए । प्रि-ट्रेनिङ भनेको एआई मोडललाई ठुलो मात्रामा डेटा प्रयोग गरेर तालिम दिने प्रारम्भिक प्रक्रिया हो । यही प्रक्रियामार्फत एआई प्रणालीले भाषा, तर्क, ढाँचा र विभिन्न प्रकारका सूचना प्रशोधन गर्ने क्षमता विकास गर्छ । कक्सनका अनुसार भविष्यका अत्यधिक सक्षम एआई प्रणालीले मानिसभन्दा धेरै जटिल काम गर्न, साइबर प्रणालीमा प्रवेश गर्न, विभिन्न क्षेत्रमा तीव्र परिवर्तन ल्याउन तथा वास्तविक संसारका स्रोत र शक्तिसम्म पहुँच बनाउन सक्ने सम्भावना छ । उनले एआई विकासमा संलग्न कतिपय मानिस निजी रूपमा दशकको अन्त्यअघि नै एआईले मानवजातिका लागि अत्यन्त गम्भीर जोखिम निम्त्याउन सक्ने कुरालाई लिएर त्रसित बनेको दाबी गरेका छन्, तर यी दाबी भविष्यसम्बन्धी अनुमान र जोखिम मूल्याङ्कनमा आधारित छन् । हालसम्म एआईले मानवजातिलाई समाप्त पार्न सक्ने क्षमता हासिल गरिसकेको प्रमाण भने छैन ।

**के भन्छन् एन्थ्रोपिककै अधिकारी ?**

कक्सनको चेतावनीलाई एन्थ्रोपिकका एलाइनमेन्ट साइन्स प्रमुख इभान ह्युबिङ्गरले पूर्ण रूपमा नकारेनन् । उनले कक्सनले उठाएको विषयमा सत्यता रहेको र आफूलाई पनि भविष्यको सुपरइन्टेलिजेन्सबाट गम्भीर जोखिम हुन सक्ने लागेको बताएका छन् । ह्युबिङ्गरले व्यक्तिगत अनुमानका रूपमा आगामी दशकमा एआईका कारण मानवजाति समाप्त हुने सम्भावना १० प्रतिशतभन्दा बढी हुन सक्ने बताएका छन् । उनका अनुसार, एन्थ्रोपिकले एआईलाई सुरक्षित बनाउन काम गरिरहेको भए पनि अत्यधिक सक्षम एआईलाई मानिसको नियन्त्रणमा राख्ने समस्या पूर्ण रूपमा समाधान भइसकेको छैन । यद्यपि उनले अहिले प्रयोगमा रहेका एआई मोडलभन्दा भविष्यमा विकसित हुन सक्ने अत्यधिक सक्षम 'सुपरइन्टेलिजेन्स'प्रति बढी चिन्ता व्यक्त गरेका छन् ।

**सुपरइन्टेलिजेन्स भनेको के हो ?**

'सुपरइन्टेलिजेन्स' भन्नाले मानिसको बौद्धिक क्षमताभन्दा धेरै माथि पुग्ने एआई प्रणालीलाई जनाउँछ । यस्तो प्रणालीले मानिसले गर्न सक्ने काम छिटो वा राम्रोसँग गर्ने मात्र नभई अनुसन्धान, योजना, प्रोग्रामिङ, वैज्ञानिक खोज तथा समस्या समाधानजस्ता क्षेत्रमा समेत मानिसभन्दा अत्यधिक सक्षम हुन अपेक्षा गरिएको छ । यससँग जोडिएको अर्को अवधारणा हो, 'रिकर्सिभ सेल्फ इम्प्रुभमेन्ट' । अर्थात् एआईले आफ्नै क्षमता सुधार्ने तरिका आफैँ पहिचान गरी बारम्बार आफूलाई अझ सक्षम बनाउँदै जाने अवस्था पनि रहनेछ । त्यसैले अहिले एउटा आधारभूत प्रश्न उब्जिएको छ: यदि एआई मानिसभन्दा बुद्धिमान हुँदै गयो र आफ्नै क्षमतामा सुधार गर्न थाल्यो भने त्यसलाई मानव नियन्त्रणभित्र कसरी राख्ने ?

**एआईका तत्काल देखिने जोखिम के हुन् ?**

मानवजाति नै समाप्त हुने सम्भावना एआईसँग जोडिएको सबैभन्दा ठुलो जोखिम हो, तर अहिले नै देखिइरहेका जोखिम भने धेरै व्यावहारिक छन् । एआईको बढ्दो प्रयोगसँगै डीपफेक, ठगी, गलत सूचना, साइबर आक्रमण, गोपनीयताको उल्लैन, स्वचालित निर्णयमा समस्था तथा रोजगारीमा प्रभावजस्ता समस्या देखिएका छन् । त्यसो त एआईलाई जैविक वा रासायनिक हतियार विकासमा दुरुपयोग गर्न सकिने सम्भावनाले पनि सुरक्षा निकाय र वैज्ञानिकहरूलाई चिन्तित बनाएको छ । त्यस्तै, एआईमा अत्यधिक निर्भर हुँदा मानिसको आफ्नै सोच्ने, तथ्य जाँच्ने र निर्णय गर्ने क्षमतामा असर पर्न सक्ने चिन्ता पनि छ । अर्कोतर्फ, अझ सक्षम एआईले भविष्यमा मानव निर्देशनको गलत अर्थ लगाउने, अनपेक्षित निर्णय गर्ने वा मानिसले नचाहेको उल्टो व्यवहार देखाउने जोखिमबारे अनुसन्धान भइरहेको छ ।

**एआई मानिसको नियन्त्रणबाट बाहिर जान सक्छ ?**

कतिपय सुरक्षा अनुसन्धानमा एआई मोडलले बन्द गराउन खोज्दा त्यसबाट बच्ने प्रयास, गलत सूचना प्रयोग गर्ने वा आफ्नो लक्ष्य पूरा गर्न अप्रत्याशित रणनीति अपनाउनेजस्ता व्यवहार देखाएको रिपोर्ट गरिएको छ, तर त्यस्ता परीक्षणलाई वास्तविक संसारमा एआईले स्वतन्त्र ढङ्गले काम गरेको तथ्यका रूपमा लिन मिल्दैन । धेरैजसो परीक्षण विशेष रूपमा डिजाइन गरिएको वातावरणमा गरिएका हुन्छन् र अनुसन्धानकर्ताले नै मोडललाई निश्चित कार्य दिएका हुन्छन् । एन्थ्रोपिकले आफ्ना साइबर सुरक्षा परीक्षणमा केही मोडल परीक्षण वातावरणबाट बाहिर निस्केर वास्तविक कम्प्युटर प्रणालीमा पहुँच गरेको घटना पहिचान गरेको थियो । कम्पनीको समीक्षा अनुसार ती घटनामा परीक्षण वातावरणको डिजाइनमा कमजोरी थियो । मोडलले आफैँ स्वतन्त्र लक्ष्य बनाएको प्रमाण पनि फेला परेको थिएन । यसले एउटा महत्त्वपूर्ण कुरा देखाउँछ । एआईको जोखिम केवल 'एआई खराब हुने' विषयमात्र होइन, मानिसले बनाएको प्रणालीलाई कति पहुँच, अधिकार र स्वायत्तता दिइन्छ भन्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण छ ।

**संयुक्त राष्ट्रसंघको चेतावनी**

एआईको सम्भावित जोखिमबारे संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर टर्कले पनि चिन्ता व्यक्त गरिसकेका छन् । उनका अनुसार एआईले सार्वजनिक सेवा, सञ्चार प्रणाली र लोकतान्त्रिक प्रक्रियामा गम्भीर असर पार्न सक्छ । त्यसैले एआई विकासमा स्पष्ट सीमा र बलियो सुरक्षा व्यवस्था आवश्यक रहेको उनको धारणा छ । एआईसम्बन्धी अन्तर्राष्ट्रिय बहसमा अहिले दुई फरक दृष्टिकोण देखिन्छन् । एउटा पक्षले एआईले स्वास्थ्य, शिक्षा, विज्ञान र उत्पादकत्वमा ठुलो परिवर्तन ल्याउन सक्ने अवसरमा जोड दिन्छ । अर्को पक्षले पर्याप्त सुरक्षा उपाय नबनाई अत्यधिक सक्षम एआई विकास गर्नु जोखिमपूर्ण हुने चेतावनी दिइरहेको छ ।

**एआईमा विश्वले कति ठुलो लगानी गरिरहेको छ ?**

एआईको जोखिमबारे बहस भइरहे पनि यसको विकासमा हुने लगानी भने तीव्र गतिमा बढिरहेको छ । स्ट्यानफोर्डको एआई इन्डेक्ससम्बन्धी तथ्याङ्कअनुसार सन् २०२५ मा विश्वव्यापी निजी एआई लगानी ३४४.७ अर्ब अमेरिकी डलर पुगेको थियो । त्यसमध्ये जेनेरेटिभ एआई कम्पनीहरूले मात्रै करिब १७०.९ अर्ब डलर प्राप्त गरेका थिए । अमेरिका एआई लगानीमा सबैभन्दा अगाडि छ । सन् २०२५ मा अमेरिकामा निजी एआई लगानी करिब २८५.९ अर्ब डलर थियो भने चीनमा करिब १२.४ अर्ब डलर । एआईको प्रयोग पनि तीव्र गतिमा फैलिरहेको छ । विश्वभरका कम्पनीदेखि विश्वविद्यालयसम्म एआईको प्रयोग बढेको छ भने मानिसको दैनिक काम, शिक्षा, अनुसन्धान, सञ्चार र व्यवसायमा जेनेरेटिभ एआई प्रवेश गरिरहेको छ ।

**अबको मुख्य प्रश्न के हो ?**

एआईले निश्चित रूपमा मानवजातिलाई समाप्त पार्छ भन्ने निष्कर्षमा पुग्ने अवस्था अहिले छैन, तर एआईको क्षमता र त्यसमा हुने लगानी अभूतपूर्व गतिमा बढिरहेका कारण यसको सुरक्षा, नियमन र नियन्त्रणको प्रश्न भने झन् महत्त्वपूर्ण बन्दै गएको छ । सबैभन्दा ठुलो चुनौती एआईको विकास रोक्ने वा नरोक्नेमात्र होइन, मानव हितविपरीत प्रयोग हुन नदिई यसको क्षमता कसरी सुरक्षित रूपमा विकास गर्ने भन्ने हो ।

*-अनलाइन खबर डटकम*

# भोटेकोशी बाढी अपडेट : एक हजार ३९२ को शव फेला



**पाल्पा,** भदौं २९/ भोटेकोशी बाढीमा परी मृत्यु हुनेमध्ये एक हजार ३ सय ९२ जनाको शव फेला परेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सोमबार दिउँसो २ बजेसम्मको अद्यावधिक विवरण अनुसार हालसम्म रसुवामा १ सय ८६, नुवाकोटमा २ सय २, धादिङमा ७१, चितवनमा ३ सय ६४, गोरखामा ७७, तनहुँमा ३८, नवलपरासी पूर्वमा २ सय ३२ र नवलपरासी पश्चिममा २ सय २२ जनाको शव फेला परेको हो ।

फेला परेका शवहरूको पहिचान तथा व्यवस्थापनका लागि सम्बन्धित निकायले आवश्यक प्रक्रिया अघि बढाइरहेको जनाएको छ । शवको पहिचानका लागि डिएनए नमुना संकलन गर्ने, अभिलेख तयार गर्ने तथा अन्य आवश्यक प्रक्रिया पूरा गर्ने काम भइरहेको छ । हालसम्म पहिचान तथा व्यवस्थापनसम्बन्धी प्रक्रिया पूरा गरी १ हजार २ सय ३० वटा शव व्यवस्थापन गरिएको छ । व्यवस्थापन गरिएका शवहरूलाई हालका लागि सुरक्षित रूपमा माटोमुनि राखिएको जनाइएको छ । शव पहिचानका लागि मृतक तथा उनीहरूका आफन्तबाट ठूलो संख्यामा डिएनए नमुना संकलन गरिएको छ । हालसम्म मृतकका १ हजार २ सय ८६ र आफन्तका १ हजार ८ सय ५३ गरी कुल ३ हजार १ सय ३९ वटा डिएनए नमुना संकलन गरिएको छ । डिएनए परीक्षण तथा अन्य पहिचान प्रक्रियाबाट शवहरूको वास्तविक पहिचान खुलाउने प्रयास भइरहेको छ । यसैबीच, हालसम्म पहिचान हुन नसकेका १ हजार ३ सय ५४ वटा शवको विवरण नेपाल प्रहरीको वेबसाइटमा समेत अपलोड गरिएको छ । आफन्त तथा परिवारका सदस्यलाई शव पहिचानमा सहज होस् भन्ने उद्देश्यले पहिचान नभएका शवसम्बन्धी विवरण सार्वजनिक गरिएको हो । बाढी प्रभावित क्षेत्रमा उद्धार तथा खोजी कार्यलाई प्रभावकारी बनाउन ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ । उद्धार, खोजी, राहत वितरण, शव व्यवस्थापनलगायतका कार्यका लागि हालसम्म ७ हजार ९ सय ७५ जना प्रहरी कर्मचारी परिचालन गरिएको जनाइएको छ । प्रभावित क्षेत्रमा आवश्यकताअनुसार प्रहरी परिचालन गरी बेपत्ता व्यक्तिको खोजी तथा उद्धार कार्यलाई निरन्तरता दिइएको छ । बाढीका कारण अझै ठूलो संख्यामा मानिसहरू बेपत्ता छन् । उपलब्ध विवरणअनुसार हालसम्म ४ हजार ८९ जना बेपत्ता रहेको र उनीहरूको खोजी कार्य जारी रहेको छ । नदी, खोल्सा, बाढी प्रभावित बस्ती तथा अन्य सम्भावित स्थानमा खोजी तथा उद्धार टोली परिचालन गरी बेपत्ताको खोजी भइरहेको छ । त्यस्तै, विभिन्न जिल्लामा रहेका होल्डिङ सेन्टरमा २ हजार ७ सय ८१ जना व्यक्तिलाई राखिएको छ । बाढीका कारण विस्थापित तथा प्रभावित व्यक्तिहरूलाई तत्कालीन व्यवस्थापन र आवश्यक सहयोग उपलब्ध गराउने उद्देश्यले होल्डिङ सेन्टरमा राखिएको जनाइएको छ ।

## खेलकुद समाचार


### महिला टी-२० एशिया कपको उपाधि भारतलाई



**काठमाडौं,** भदौ २९/ भारतले साबिक विजेता श्रीलंकालाई ७२ रनले पराजित गर्दै महिला टी-२० एशिया कपको उपाधि जितेको छ । दुबईमा भएको फाइनलमा टस जितेर पहिला ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १८३ रन बनाएको थियो । भारतका लागि शेफाली बर्माले ३९ बलमा ६८ रन तथा स्मृति मन्दनाले ५० बलमा ५९ रनको योगदान दिइन् । १८४ रनको लक्ष्य पछ्याएको श्रीलंकाले शुरुवातदेखि नै भारतीय बलरको दबाब सामना गर्नुपरेको थियो । श्रीलंकाको टोली १८ ओभर ४ बलमा १११ रनमै अलआउट भयो । कप्तान चामारी अथापाथ्थुले सर्वाधिक ३६ रन बनाइन् । यी दुई टोलीबीच भएका सात फाइनलमध्ये भारतले छैटौं पटक उपाधि जितेको हो ।

## अर्थ/कर्पोरेट समाचार

### बढ्यो सेयर बजार



**पाल्पा,** भदौ २९/ सेयर बजार बढेको छ । साताको पहिलो कारोबार दिन सोमबार २५ दशमलव ५५ अंकले बढेको हो ।

सो वृद्धिपछि बजार परिसूचक नेप्से २ हजार ५ सय ८५ अंकमा कायम भएको छ । अघिल्लो कारोबार दिन पनि नेप्से २७ अंक बढेको थियो । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सेयर बजार सुधारका लागि कार्ययोजना ल्याउने तयारी गरिरहेका छन् । ती कार्यायोजनाले लगानीकर्ताको मनोबल बढ्ने अपेक्षास्वरुप दुई कारोबार दिनमा सेयर बजार ५२ अंक बढेको छ । सोमबार कारोबार रकम पनि बढेको छ । अघिल्लो दिन ४ अर्ब ३५ करोडको कारोबार भएकोमा यस दिन ४ अर्ब ६८ करोडको भयो । २२६ कम्पनीको मूल्य बढ्दा ४७ को घट्यो भने २ को स्थिर रह्यो । बैंकिङ ०.७८, विकास बैंक ०.८७, फाइनान्स १.६७, होटल तथा पर्यटन ०.८६, जलविद्युत् १.१६, लगानी ०.६४, जीवन बीमा १.४५, उत्पादन तथा प्रशोधन ०.५४, माइक्रोफाइनान्स ०.७८, निर्जीवन बीमा १.५०, अन्य १.३९ र व्यापार समूह १.३८ प्रतिशत बढे । सोमबार इनिफिनिटी लघुवित्तको सेयर मूल्य ६.४३, त्रिशूली जलविद्युत् कम्पनीको ६.३८, सिर्जनशील लघुवित्तको ५.९३, सर्वोत्तम पेन्ट्सको ५.४०, मल्टिपर्पस फाइनान्सको ५.२१, सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको ४.६८, न्यादी हाइड्रोपावरको ४.५२ प्रतिशत मूल्य बढ्यो । उपकार लघुवित्तको मूल्य ८.२३ प्रतिशत घट्यो ।

त्यस्तै अभियान लघुवित्तको ५.२२, इमर्जिङ नेपालको ३.८६ प्रतिशत घट्यो ।आज धेरै कारोबार भएका कम्पनीमा एनआरएन इन्फ्रास्ट्रक्चर, लिबर्टी इनर्जी, सानिमा मिडिल तमोर, रिलायन्स स्पिनिङ मिल्स, अपी पावर, रिडी पावर, शिवम् सिमेन्ट तथा सोलु हाइड्रोपावर छन् ।

## बदलिँदो तीज : हराउँदै...

...सात डाँडापारी विवाह गरी पठाएका चेलीबेटीलाई बाबा आमा, दाजुभाइ लिन गएर घरमा जम्मा गरी मिठोमसिनो खाने खुवाउने, असल भाइचाराको गाँठो कसिलो बनाउने, चेलीलाई माइती लिन जानुपर्ने, घर पक्षले अरू बेला नभए पनि यो बेला माइत पठाउनै पर्ने पर्व थियो तीज । सायद, यसैकारण माइतीको महत्वबोध बढी हुन्थ्यो ऊबेला नेपाली चेलीहरूलाई । तर, आज यो अवस्था रहेन । हुने खानेहरूलाई त यसले राम्रै गर्ला तर, हुँदा खाने नेपाली समाजका अन्य महिलाहरूलाई भने यो अनावश्यक तडकभडक र देखासिकीले नकारात्मक असर पार्ने गरेको छ । गाउँबेंसीमा चेलीबेटीका दुखेसो बोकेका गीत, हतारहतार काम सकेर चेलीबेटी लिन हिँडेका माइती, घर-घरमा पाक्ने अनदीको लड्डे, खीर, तामा(टुसाको तरकारी र काँक्राको अचार अनि रातभरि नाँचगान गर्दै खाइने दर ! त्यसपछि भोलिपल्ट निराहार व्रत बसी गरिने शिवजीको पूजा ! यही हो हाम्रो तीजको मौलिकता । तर अहिले यो मौलिक पर्व केही सम्भ्रान्त र नवधनाढ्य वर्गका महिलाले आर्थिक हैसियत प्रदर्शन गर्न र सस्तो मनोरञ्जनका लागि गरिने भड्किलोपनका कारण अलोकप्रिय तथा आलोच्य बनिरहेको छ । प्राध्यापक इन्दिरा आचार्यका अनुसार पहिले तीजका गीत महिलाका भावना, पीडा र अधिकारका आवाज थिए ।

अब तीजलाई आधुनिक बनाउँदै लैजाँदा पनि त्यसको मौलिक सांस्कृतिक पक्ष बिर्सन नहुने उनको सुझाव छ । तीज समयसँगै बदलिनु स्वाभाविक हो । तर परिवर्तनका नाममा मौलिक भाका, सामूहिकता र चेली-माइतीबीचको आत्मीयता हराउँदै जाने हो भने तीजको वास्तविक स्वाद नै हराउने खतरा छ । त्यसैले होटलको भोज र आधुनिक गीतसँगै आँगनको तीज, मौलिक भाका र मनका कुरा साट्ने संस्कारलाई पनि बचाइराख्नु आजको आवश्यकता हो ।

## बाँकेमा दुई हजार...

...गत आर्थिक वर्षमा कुल राजस्व सङ्कलन रु एक करोड ६३ लाख सात हजार ७९५ भएको उद्योग अधिकृत घर्तिमगरले जानकारी दिए । अघिल्लो आवमा रु एक करोड ९७ लाख ३१ हजार ७८५ राजस्व सङ्कलन भएको थियो । राजस्व सङ्कलन घट्नुको मुख्य कारण उद्योग तथा वाणिज्यको नयाँ दर्तामा आएको सामान्य शिथिलता, स्थानीय तहमा दर्ता सुरुआत, प्रदेश सरकारबाट भएको छुट सुविधा र खारेजीमा वृद्धि हुनुलगायत रहेका निमित्त प्रमुख उद्योग अधिकृत घर्तिमगरको भनाइ छ । *-रासस*


## सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सर सफाइमा ध्यान दिऔं,
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

**स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## हार्दिक समवेदना



जन्म : वि.सं.२००१/०८/०६ गते

दिवंगत : वि.सं.२०८३/०५/२१ गते

**स्व.मन्दिरा गोङ्गल**

श्री ७ भीमसेन रथ यात्रा एवं भीमसेन सन्हाँ गुठीका गुठियार श्रीमती यमुना देवी गोङ्गलकी जेठी बुहारी, तानसेन नगरपालिका वडा नं. ६ भिमसेन टोल निवासी **मन्दिरा गोङ्गल**को ८२ वर्षको उमेरमा उपचारका क्रममा भरतपुरमा भएको अकल्पनिय, दुःखद् निधनको खबरले गुठी परिवार अत्यन्तै दुखी एवम् मर्माहत भएको छ। यस दुःखद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं । साथै १० औं दिनको पुण्य तिथीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति श्री ७ भीमसेन देवताले प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**श्री ७ भीमसेन रथ यात्रा गुठी एवं**
**श्री ७ भीमसेन सन्हाँ गुठी परिवार**
भीमसेनटोल, तानसेन, पाल्पा


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई